# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केवर धनुषा (जिल्ला)
प्रदेश नं. २, नेपाल

प.सं.:- ०७७।०७८
च.न.:-९२१

मिति २०७७।०५।११

विषय : सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ।

श्री बडा सचिव ज्यू,
वडा कार्यालय सबै ।

प्रस्तुत बिषयमा श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण बिभाग, सिंहदरवार, काठमाण्डौको प.स.०७७।०७८ च.न.१३१ मिति २०७७।४।१२ गतेको पत्र प्राप्त हुन आएकोले उक्त पत्रको छांया प्रति यसै साथ सलग्न राखी पठाईएको छ । व्यहोरा सोही पत्रवाट अवगत गरी उक्त बमोजिम गर्नु गराउनु हुन आदेशानुसार अनुरोध गरिन्छ ।

**बोधार्थ**

श्री सुचना तथा प्रबिधि शाखा : वेवसईडमा राखि दिनुहुन ।
प्र.का.पा.

५।११
नि.प्रमुख प्रशासकीय अधिकृत

Email Address : mithilamunicipality81@gmail.com
Webside: mithilamun.gov.np
Face book page : Mithila Municipality Office

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
(सामाजिक सुरक्षा शाखा)

टेलिफोन: ४२००६५१, ४२६४६८१
४२६२०५६, ४२००८९५
फ्याक्स: ४२०००१४

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या:- ०७७/७८
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ९३१

मिति २०७७/४/१२

विषय: सामाजिक सुरक्षा भत्ता सम्बन्धमा।

श्री स्थानीय तह सबै।

प्रस्तुत विषयमा असम्बन्धित व्यक्तिलाई भर्पाईमा सहीछाप गराई सामाजिक सुरक्षा भत्ता वितरण गरेको, व्यक्तिगत घटना दर्ता नभएकै कारण मृत्यु भइसकेका तथा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिका नाममा समेत भत्ता वितरण भएको, व्यक्तिगत घटना दर्ता तथा लगत कट्टा गर्ने काम नियमित नभएको जानकारी प्राप्त हुन आएकोले सामाजिक सुरक्षा भत्ता वितरणमा अनियमितता हुन नदिन, कार्यालयको कार्यसुस्तताको कारण अन्य व्यक्तिले त्यसको फाइदा उठाउन नदिन देहाय बमोजिम गर्न गराउन तहाँबाट देशभरका स्थानीय तहलाई पत्राचार हुन भनी गृह मन्त्रालयको च.नं.१५४ मिति २०७७/०४/०८ बाट लेखी आएको हुँदा तपसिल बमोजिका कार्यहरू तुरन्त गर्नु गराउनुहुन आदेशानुसर अनुरोध छ।

तपसिल:

१. जन्म, मृत्यु, विवाह, बसाइसराई, सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटना समयमानै दर्ता गर्ने गराउने सम्वन्धमा जनप्रतिनिधि तथा कर्मचारीले सक्रिय भूमिका निर्वाह गर्ने, सो सम्बन्धमा स्थानीय तहबाट आवश्यक जानकारी, सूचना तथा प्रचार प्रसार गर्ने।
२. सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैंङ्गिग सुविधा पुगेका स्थानीय तहबाट अनिवार्य रूपमा लाभग्राहीहरूको नाममा बैंक खाता खोलि बैंक खाता मार्फत रकम भुक्तानी गर्ने ब्यवस्था मिलाउने।
३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्ति बाहेक अन्य असम्बन्धित व्यक्तिलाई रकम भुक्तानी नगर्ने। बैक खातामा पहुँच पुग्न नसक्ने र स्वयं उपस्थित हुन नसक्ने वर्गका अशक्त र अपाङ्ग वर्गका ब्यक्तिहरूकालागि सम्वन्धित ब्यक्तिले प्राप्त भत्ता प्राप्त गर्ने सुनिश्चितता गर्ने।
४. सामाजिक सुरक्षा भत्ता वितरण गर्नुभन्दा अगाडि लाभग्राहीको विवरण विभागको एम.आइ.एस. प्रणालीमा अनिवार्य रूपमा प्रविष्टि गर्ने। विवरण प्रविष्टि नगरी भत्ता वितरण गरेमा त्यसरी वितरण गरेको रकम वेरुजु हुनेछ।
५. लगत कट्टा गर्नुपर्ने देखिएका विवरणहरू कट्टा गरी लगत अध्यावधिक गर्ने।
६. सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको व्यक्तिको मृत्यु दर्ता गर्दा भत्ता प्राप्त गर्ने लाभग्राही विवरणबाट उक्त लाभग्राहीको लगत कट्टा गरेपछिमात्र मृत्य दर्ता प्रमाणपत्र जारी गर्ने।

सावित्रा वस्नेत
शाखा अधिकृत

बोधार्थ: गृह मन्त्रालय, शान्ती सुरक्षा तथा अपराध नियन्त्रण शाखा।